अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मिति: २०७५।११।१२ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला कपिलवस्तु, यशोधरा गाउँपालिका वडा नं.३ स्थित श्री कृष्ण धार्मिक मा.वि. बसन्तपुरका विद्यालय व्यवस्थापन समितिका सदस्य बिजयनाथ चौवेले विद्यालयमा विज्ञापन गरिएको अंग्रेजी विषयको मा.वि. अनुदान शिक्षक दरबन्दीमा शिक्षक नियुक्ति गराईदिने प्रयोजनको लागि घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज बिजयनाथ चौवेलाई सेवाग्राहीसँग रु.१,००,०००।-(एक लाख) घुसबापतको रकम लिइसकेको अवस्थामा जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वडा नं.१ स्थित रहेको न्यू रेसुङ्गा होटल एण्ड रेष्टुरेन्टबाट मिति २०७५।११।११ गते नियन्त्रणमा लिई अनुसन्धान कार्य भईरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता